का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक १९१
❐ १० भदौं २०७८, बिहीबार
❐ 26 August 2021, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह


Madhyanha National Daily

राष्ट्रिय दैनिक

# माधव नेपालले उठाएको जोखिम

२०३२ सालमा बनेको कोके, नेकपा माले हुँदै एमालेका रुपमा स्थापित पार्टीका संस्थापक एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल बुधबार देखि नयाँ पार्टी नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष बनेका छन् । १४ वर्ष नेतृत्व गरेको र आफैले हुर्काएको पार्टी छोडेर माधव नेपालले नयाँ पार्टीबाट के पुष्टि गर्न चाहँदैछन्, त्यो भने भविष्यले देखाउनेछ ।






■ ■ ■

माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी पार्टी र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीलाई निर्वाचन आयोगले दल दर्ताको प्रमाणपत्र दिएको छ ।

■ ■ ■

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ९ भदौ ।

नेकपा एमालेबाट अलग भएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको नयाँ पार्टी नेकपा (एकीकृत समाजवादी) मा ६० केन्द्रीय सदस्यले साथ दिएका छन् । २०७१ मा सम्पन्न नेकपा एमालेको नवौं महाधिवेशनबाट बनेको २०३ सदस्यीय केन्द्रीय कमिटी सदस्य मध्ये ६० जनाले माधव नेपाललाई साथ दिएका हुन् । उनीहरु मध्ये ५६ जनाले बुधबार निर्वाचन आयोग पुगेर सनाखत गरेका छन् । बाँकी चार जनाले भने नयाँ पार्टीमा सनाखत गर्न पाएनन् । २ भदौमा पेश गरिएको प्रारम्भिक सूचीमा नाम नभएकाले उनीहरुले सनाखत गर्न नपाएका हुन् ।

माधव नेपाललाई प्रतिनिधिसभाका २५ र राष्ट्रियसभाका आठ सांसदले साथ दिएका छन् । त्यस मध्ये पनि सांसदहरु सोमप्रसाद पाण्डे, माया ज्ञवाली र शादादेवी भट्टले सनाखत गर्न पाएनन् । उनीहरुको नाम पनि आयोगमा बुझाइएको सूचीमा नभएकाले सनाखत गर्न नपाएका हुन् । पाण्डे भने पार्टी एकता अभियानमा सामेल थिए । समानुपातिक सांसद ज्ञवाली र भट्ट भने अन्तिम समयमा मात्रै नयाँ पार्टीतर्फ उभिएका हुन् ।

एमाले विवाद बढ्दै गएपछि विभाजन हुँदा पुराना नेता प्रदीप नेपालले पनि माधव नेपाललाई साथ दिएका छन् । स्वास्थ्य समस्या भएपनि उनी सनाखत गर्न आयोग पुगेका थिए । स्वास्थ्यमा समस्या देखिनु अगाडिसम्म नेपाल एमाले राजनीतिमा प्रभावशाली भूमिकामा थिए । प्रदीप नेपालसँगै कोकेका संस्थापकहरु पूर्वप्रधानमन्त्री झलनाथ खनाल र मुकुन्द न्यौपानेले पनि माधव नेपाललाई साथ दिएका छन् । खनालले एमालेको तीन पटक नेतृत्व गरेका थिए । २०३९ सालमै तत्कालीन मालेको नेतृत्व गरेका खनाल पछि २०६४ पछि माधव नेपालले महासचिव पदबाट राजीनामा दिएपछि नेतृत्वमा आएका थिए । २०६५ मा सम्पन्न आठौं महाधिवेशनबाट केपी शर्मा ओलीलाई पराजित गर्दै खनाल फेरि नेतृत्वमा आएका थिए ।

एमालेमा खनाल दोस्रो बरियताका नेता हुन् भने माधव नेपाल तेस्रो बरियताका नेता हुन् । तर नवौं महाधिवेशनमा एमाले अध्यक्षमा केपी ओलीसँग पराजित भएकाले माधव नेपालले नयाँ पार्टीको नेतृत्व गरेका छन् । नयाँ पार्टी एकीकृत समाजवादीका नेता जगनाथ खतिवडा अहिले देशभर गरी २५ हजार बढी नयाँ पार्टीमा क्रियाशील रहेको बताउँछन् । बाँकी पृष्ठ २ मा

# धनाढ्य मन्त्रीहरू



**माधव पराजुली/मध्यान्ह**
पोखरा, ९ भदौं ।

गण्डकी प्रदेशका मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक भएको छ । सार्वजनिक पदधारण गरेका व्यक्तिको पदमा बहाल भएको मितिले ६० दिन भित्र आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था अनुरुप मुख्यमन्त्रीसहित मन्त्रीहरुले बुधबार ७२ दिन पछि मात्र सम्पत्ति विवरण सार्वजनिक गरेका हुन् । सार्वजनिक भएको सम्पत्ति विवरण अनुसार गण्डकी प्रदेशका आन्तरिक मामिला तथा प्रदेश सभा मन्त्री विन्दुकमार थापाको सबै भन्दा बढी सम्पत्ति देखिएको छ । थापाको आफ्नो र श्रीमतीको नाममा विभिन्न मल तथा होटल रहेका ६ वटा घर तथा पोखरा बुटिक होटल, बगैंचा रिसोर्ट, सिटी ट्रेड मल, गण्डकी ट्रेड हाउस, अंशुभरा स्क्वायर, रोयल हिमालयन रिसोर्ट छ । थापासँग १ करोड २० लाख र १ करोड ५ लाख पर्ने दुईवटा गाडी,९० तोला सुन, ५० तोला चाँदी र १५ तोला हिरा र विभिन्न बैंक तथा वित्तीय संस्थामा शेयर रहेको छ । विभिन्न बैंकबाट ३० करोड रुपैयाँभन्दा बढी ऋण लिएको सम्पत्ति विवरण देखाएका मन्त्री थापाले बैंक तथा वित्तीय संस्थामा १० करोड नगद मौज्दात रहेको पनि देखाएका छन् । उनको पोखराका विभिन्न ठाउँमा जग्गा छ ।

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नवलपुरमा श्रीमतीको नाममा ५ लाखको जग्गा र १५ लाख लगानीले बनेको साढे दुई तले पक्की घर देखाएका छन् । तनहुँको ३ ठाउँमा र काठमाडौंमा उहाँका जग्गा रहेको सम्पत्ति विवरणमा उल्लेख छ । उनले कृषि विकास बैंकबाट २५ लाख रुपैयाँ ऋण लिएको पनि उल्लेख गरेका छन् भने ५ तोला सुन पनि छ । मुख्यमन्त्री पोखरेलसँग एभरेस्ट बैंकमा तलब ५ लाख रुपैयाँ वचत भएको पनि उल्लेख छ ।

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठको नाममा स्याङ्जाको भीरकोट र काठमाडौं नागार्जुनमा घर छ । आफु सहित परिवारका सदस्यको नाममा काठमाडौंको ४ ठाउँमा जग्गा रहेको सम्पत्ति विवरणमा उल्लेख गरिएको छ भने श्रेष्ठसँग १ किलो १९ तोला सुन छ । उनी सँग ७ किलो २ तोला चाँदी, एउटा हिराको औंठी र नगद मौज्दात १५ लाख रुपैयाँ पनि छ । उनको परिवारको नाममा करिब ७ करोड रुपैयाँ बैंक तथा वित्तीय संस्थामा बचत तथा शेयर रहेको सम्पत्ति विवरणमा उल्लेख छ । उनले सिटिजन्स बैंकबाट ७ करोड ९० लाख रुपैयाँ ऋण लिएको पनि देखिएको छ । मन्त्री श्रेष्ठसँग एउटा कार, २ वटा स्कुटर छ ।

> पदभार ग्रहण गरेको ६० दिनभित्र सार्वजनिक गरिनुपर्ने सम्पत्ति विवरण गण्डकी प्रदेशका मुख्यमन्त्री सहित मन्त्रीहरुले ७२ दिनपछि सार्वजनिक गरेका छन् । सार्वजनिक विवरण अनुसार, लगभग सबै मन्त्री धनाढ्यका सूचीमा देखिन्छन् ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कडेलको बागलुङमा श्रीमतीको नाममा ४८ लाखको घर, रुपन्देहीमा ५७ लाख, चितवनमा ६३ लाखको जग्गा रहेको छ । ३ वटा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको पनि उल्लेख छ । २५ तोला सुन र १ किलो चाँदी सम्पत्ति देखाएका कडेलको करिब ३ लाख रुपैयाँ विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा बचत र ८० लाख रुपैयाँभन्दा बढी रकमको शेयर रहेको छ ।

भैतिक पूर्वाधार मन्त्री कुमार खड्काले स्वआर्जनका रुपमा पोखरा महानगरपालिका-१६ मा घर रहेको,विभिन्न बैंक तथा वित्तीय संस्थामा १ करोड ३३ हजार रुपैयाँ बचत रहेको, अमरदीप सहकारीमा ५१ लाख ५० हजार रुपैयाँ, जन्मभूमि एजुकेशन फाउण्डेसन प्रालिमा ५ लाख सेयर रहेको, उज्ज्वल खड्कालाई ६० लाख रुपैयाँ र हरिबहादुर थापालाई २५ लाख रुपैयाँ ऋण दिएको विवरण सर्वजनिक भएको छ भने उनको श्रीमतीको नाममा ४२ लाखको गाडी रहेको छ ।

अर्थमन्त्री रामजी बरालसँग पोखरा महानगरपालिका- २२ मा १ रोपनी ४ आना जग्गा तथा ४७ लाख रुपैयाँमा अर्को जग्गा किनेको, ३ लाख रुपैयाँ नगद तथा ४ तोला सुन र एभरेस्ट बैंकमा तलबबापतको ३ लाख रुपैयाँ रकम बचत भएको उनले सार्वजनिक गरेको सम्पत्ति विवरणमा उल्लेख छ । उनको बैंक र कम्पनीमा शेयर लगानी रहेको छ भने एनआइसी एसिया बैंकमार्फत १ करोड रुपैयाँ ऋण लिएको उल्लेख गरिएको छ ।

जनयुद्धमा श्रीमान गुमाएकी स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारीसँग शहीद परिवारलाई बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारमा भएका युवा एसईई उत्तीर्ण, छानविन शुरु

**सप्तरी/रासस-** वैदेशिक रोजगारीमा कार्यरत एक युवालाई २०७७ सालको माध्यामिक शिक्षा परीक्षा (एसईई) उत्तीर्ण गराएका विषयमा छानविन सुरुआत गरिएको छ । सप्तरीको सप्तकोशी नगरपालिका-१० स्थित जनता माध्यमिक विद्यालय भगनी मलेठले ६ वर्षदेखि वैदेशिक रोजगारीका क्रममा मलेसियामा कार्यरत गोपाल सन्तलाई अंक थपेर २.७५ जीपीए ल्याई एसईई पास गराएका विषमा छानविन शुरु गरिएको हो ।

उक्त विद्यालयले वैदेशिक रोजगारीमा रहेको युवालाई एसईई पास गराएका विषयमा समाचार सार्वजनिक भएपछि विद्यालयमाथि छानबिन सुरु गरिएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख विजय मण्डलले जानकारी दिए ।

उनले भने, 'एसईई पास गराउने विद्यालयबाट सबै विवरण माग गरी सम्पूर्ण कागज झिकाई सकिएको र विवरणमा के त्रुटि भएको छ हेरेर शिक्षा नियमावलीअनुसार कारबाही प्रक्रिया अघि बढाइने छ ।

विद्यालयका प्राध्यापक श्यामकान्त चौधरीले प्राविधिक गडबडीका कारण विदेशमा भएको युवा पास हुन भएको बताए । उनले विद्यार्थीको भौतिक उपस्थिति बिना अंक दिनु परेको तथा अनुपस्थित लेखिनु पर्नेहरूमा नम्बर चढ्न गएर ती विद्यार्थी पास भएको प्रतिक्रिया दिए । कम्प्युटरमा नम्बर चढाउने समय गल्तीले नम्बर चढ्न गएको विद्यालयले जनाएको छ ।

सप्तकोशी नगरपालिकाका प्रमुख उत्तमकुमार गौतमले विद्यालयलाई पत्राचार गरिए पनि मागबमोजिम कागज अहिलेसम्म उपलब्ध नगराएको बताए । नगरपालिकाले समेत छानबिन गरी दोषी ठहरिए कानुनबमोजिम कारबाही गरिने उनले बताए । गोपालका पिता राम सन्त सोही विद्यालयको कार्यालय सहयोगी रहेको हुनाले प्रधानाध्यापक चौधरीलाई प्रभावमा पारी परीक्षा फारम भरेको हुन सकिने आशका गरिएको छ ।

राष्ट्रिय परीक्षा बोर्डले जारी गरेको विद्यार्थी नतिजा, प्रकाशन तथा प्रमाणीकरण कार्यविधि २०७७ सालमा विद्यार्थीको परीक्षाको अन्तिम मूल्यांकन गर्न सम्बन्धित विद्यालयका प्रधानाध्यापक रहने गरी तीन सदस्यीय समिति गठन गर्ने व्यवस्था छ । कोरोना महामारीको फाइदा उठाउँदै प्रधानाध्यापकसहितका मिलेमतोमा अधिकांश विद्यालयले एसईईको नतिजामा अनियमितता गरेको स्थानीयवासीको आरोप छ ।

## वैदेशिक रोजगार विशेष

## युरोप पठाउने नाममा ठगी गर्ने पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारका लागि युरोप मुलुक लिथुवानिया पठाइदिने प्रलोभनमा पारी ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। रामेछापको गोकुलगंगाका पोशबहादुर सुनुवारलाई प्रहरीले बुधबार पक्राउ गरेको हो ।

वर्किङ भिसामा लिथुनिया पठाइदिने भन्दै ६ जनाबाट एक-एक लाख रुपैयाँका दरले ६ लाख रुपैयाँ लिएर सुनुवार सम्पर्कविहीन भएका थिए। प्रहरीले सुनुवारलाई वैदेशिक रोजगार ऐन अनुसार थप अनुसन्धानका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाइएको बताएको छ। वैदेशिक रोजगार ऐन अनुसार व्यक्तिलाई वैदशिक रोजगारीमा पठाउने अनुमति छैन ।

## इराकमा कोरोनाबाट एक नेपाली महिलाको मृत्यु

काठमाडौं/मस- वैदेशिक रोजगारका लागि इराकको कुर्दिस्तान गएकी एक महिलाको कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण निधन भएको छ ।

रोजगारीका क्रममा कोभिडबाट संक्रमण भएपछि अर्बिलको स्थानिय एक अस्पतालमा उपचारका लागि भर्ना भएकी दोलखाकी पेमडिकु शेर्पाको निधन भएको बताइएको छ ।

# उपत्यकाको फोहर अझै एक साता नउठ्ने

**शर्मिला पाठक/रासस**
काठमाडौं, ९ भदौ ।

राजधानी उपत्यकाको फोहर अझै एक साता नउठ्ने भएको छ । बञ्चरेडाँडामा निर्माणाधीन दीर्घकालीन ल्याण्डफिल साइटको पहिलो 'सेल' निर्माणको काम सक्न अझै एक हप्ता लाग्ने हुँदा फोहर व्यवस्थापनमा समस्या देखिएको हो ।

पहिलो सेल निर्माणको काम अन्तिम चरणमा पुगेको छ, सिसडोल पार गरेर मात्रै बञ्चरेडाँडा पुग्नुपर्ने भएकाले थप समस्या भएको सहरी विकास मन्त्रालयका सूचना अधिकारी सुरेशकुमार वाग्लेले बताए। साँघुरो ठाउँमा लामो समयदेखि फोहर व्यवस्थापन गरिँदै आएको स्थान सिसडोलमा व्यवस्थापन गरिएकाले उक्त फोहरको ढिस्कोलाई पार गरेर अहिले बञ्चरेडाँडामा गाडी जान सक्ने अवस्था छैन ।

"त्यसका लागि पहिले सडक विभाग र काठमाडौँ महानगरपालिकाले समन्वय गरेर सिसडोल पार गर्ने पुल निर्माणको काम गर्नुपर्छ, अन्यथा समस्या समाधान हुन कठिन छ", वाग्लेले भने। गएको ११ दिनदेखि काठमाडौं उपत्यकाको फोहर नियमित रूपमा उठ्न सकेको छैन । गत साउन ३२ देखि नै कामपाले सार्वजनिक सूचना जारी गरेर नगरवासीलाई एक हप्ता घर बाहिर फोहर ननिकाल्न आग्रह गरेको थियो ।

उक्त सूचना सार्वजनिक भएको पनि एक हप्ता भन्दा बढी भयो । तर, अझै साविकको जस्तो फोहर व्यवस्थापन हुन सकेको छैन । यसले नदी किनार र सडक छेउछाउमा दुर्गन्ध फैलिन थालिसकेको छ। कामपा वातावरण विभागका प्रमुख हरिकुमार श्रेष्ठले सहरी विकास मन्त्रालयले समयमा नै दीर्घकालीन ल्याण्डफिल साइट निर्माणको काम सम्पन्न नगर्दा थप समस्या भएको बाँकी पृष्ठ २ मा

**कर्मचारी आवश्यकता**

यस प्रतिष्ठान मेनपावर कम्पनीलाई निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

1. Reception (Female)- 3
* फोटोसप, माइक्रोसफ्ट अफिस काममा दक्ष हुनुपर्नेछ ।
2. Documentation Officer (M/F)- 3

तलब आपसी समझदारीमा

**Lulu International Pvt. Ltd.**
Samakhusi - 29, Town Planning, Kathmandu
Tel: 4351637 4387319 | Mob.: 9851083549 | Email: info@luluintl.com

# खोप भण्डारणको क्षमता बढाइँदै

**काठमाडौं/मस–** खोप भण्डारणको क्षमता बढाइने भएको छ । स्वास्थ्यसेवा विभागे मोडर्ना र फाइजर खोपका लागि बढी चिस्यान चाहिने भएकाले भण्डारण क्षमता बढाउन लागेको हो ।

शाखाका प्रमुख उपेन्द्र ढुंगानाले सामान्य तापक्रममा खोप राख्नका लागि १९ वटा वाकिङ कुलर तथा बढी चिस्यानमा राख्नका लागि ‘अल्ट्रा कूल चेन’ र ‘सुपर कूल चेन’ को भण्डारण क्षमता बढाउन थालिएको बताए ।

उनका अनुसार नियमित रुपमा खोप आइरहेकाले त्यसलाई राख्नका लागि भण्डारण क्षमता बढाउन थालिएको छ । नेपालमा लक्षित सबै वर्गलाई लगाउनका लागि कूल पाँच करोड २२ लाख मात्रा खोप ल्याउने तयारी रहेको छ । तीमध्ये अहिलेसम्म एक करोड २० लाख मात्रा खोप नेपाल आइसकेको छ ।

उनले भने, ‘मोडर्ना र फाइजर खोप बढी चिस्यानमा राख्नुपर्ने हुन्छ । त्यसैले ती खोपलाई आवश्यक तापक्रम अनुसारको भण्डारण क्षमता बनाइने छ ।’ ती खोपका लागि आगामी अक्टोबर महिनासम्म भण्डारण क्षमता विस्तार गरिसक्ने उनको भनाइ छ ।

मोडर्नालाई १५ देखि २५ डिग्री सेल्सियस र फाइजरलाई ७० देखि ८० डिग्री सेल्सियस तापक्रम आवश्यक पर्दछ । मोडर्नाका लागि सुपर कूल चेन र फाइजरका लागि अल्ट्रा कूल चेनका भण्डार आवश्यक पर्दछन् । कोभिड-१९ खोप विज्ञ सल्लाहकार समूहका संयोजक डा श्यामराज उप्रेतीले सामान्य तापक्रमका लागि भण्डारण गर्ने क्षमता नेपालमा भएपनि अत्यधिक चिसोमा राखिने खोपका लागि भण्डारण क्षमता नभएकाले बनाउन थालिएको बताए । फाइजर खोप ७० देखि ८० डिग्रिसेल्सियस तापक्रममा ६ महिनासम्म राख्न सकिन्छ । त्यसपछि दुई हप्तासम्म १५ देखि २५ डिग्री सेल्सियसमा राखेर एक महिनासम्म दुई देखि ८ डिग्री सेल्सियस तापक्रममा राख्ने सकिने उनको भनाइ छ । मोडर्ना र फाइजर खोप बाहिरबाट ल्याएर काठमाडौँमा मात्र भण्डार गर्न सकिने उनले बताए ।

मोडर्ना र फाइजर दुवै खोप अमेरिकाबाट ल्याइने भएको छ । फाइजर खोप १२ वर्षदेखि १८ वर्ष उमेर समूहका बालबालिकालाई लगाइने भएको छ । मोडर्ना ४० लाख र फाइजर ६० लाख मात्रा खोप पुस महिनाभित्रमा ल्याइने सरकारको तयारी छ । अहिले आएका भेरोसेल र कोभिशिल्ड खोपका लागि दुई देखि ८ डिग्री सेल्सियस तापक्रम आवश्यक पर्दछ । उनले अहिलेसम्म भेरोसेल र कोभिशिल्ड खोप मात्र भण्डारण गर्नुपर्ने र त्यसलाई एकै तापक्रममा राखिन सक्ने भएकाले समस्या नभएको उनले बताए ।

कोभिशिल्डभन्दा भेरोसेल खोपले भण्डारणका लागि धेरै ठाउँ ओगटने गरेको आपूर्ति शाखाका प्रमुख ढुङ्गानाले बताए । अहिले खोपलाई विभागकै भण्डारणमा राखेर प्रदेशमा पठाइने गरिएको छ ।




## कोरोना सक्रिय संक्रमितको संख्या ३८ हजार नाघ्यो

नेपालमा थप दुई हजार ४८२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पछिल्लो समय १५ हजार २९० जनाको परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो ।

सो अवधिमा एक हजार ८१ जना कोरोना भाइरस संक्रमणमुक्त भएका छन् । योसँगै हालसम्म नेपालमा सात लाख तीन हजार ९६४ जना संक्रमणमुक्त भएका छन् ।

नेपालमा संक्रमणमुक्त हुने दर ९३ दशमलव ५ प्रतिशत छ । हालसम्म नेपालमा ४३ लाख चार हजार ६७२ जनाको कोरोना परीक्षण भएकामा आठ लाख ३४ हजार ४५० मा संक्रमण देखिएको छ । हालसम्म सात लाख तीन हजार ९६४ संक्रमणमुक्त भएको मन्त्रालयले जानकारी गराएको छ । हाल देशभर सक्रिय संक्रमितको संख्या ३८ हजार २८७ रहेको छ । होम आइसोलेसनमा ३५ हजार २५० छन् भने संस्थागत आइसोलेसनमा तीन हजार ३७ छन् । देशभर ६१० संक्रमितको सघन उपचार कक्षमा तथा १६१ संक्रमितको भेन्टिलेटरमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ ।

बुधबार कोरोना भाइरस संक्रमणबाट थप ४४ जनाको मृत्यु भएको छ । योसँगै कोरोना भाइरस संक्रमणबाट मृत्यु हुनेको संख्या १० हजार ६१२ पुगेको मन्त्रालयले जनाएको छ । काठमाडौं उपत्यकामा ५४५ जना संक्रमित थपिएका छन् । तीमध्ये काठमाडौँमा ५१५, ललितपुरमा ८८ तथा भक्तपुरमा १४२ जनामा भाइरस संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

### माधव...

तर माधव नेपाललाई साथ दिदै आएका प्रभावशाली नेताहरु भने एमालेमै फर्किएका छन् । मंगलबार मात्रै दश बुँदे सहमति गर्दै एमालेका तीन उपाध्यक्ष युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, भीम रावल, उपमहासचिव घनश्याम भूसाल, सचिवहरु गोकर्ण बिष्ट, भीम आचार्य र योगेश भट्टराई, स्थायी कमिटी सदस्यहरु सुरेन्द्र पाण्डे र रघुजी पन्त, अनशासन आयोगका अध्यक्ष अमृतकुमार बोहोरा एमालेमै फर्किएका छन् । बोहोरा माधव नेपालसँगै २०३२ सालमा कोकेस्थापना गर्दाका एक नेता हुन् ।
अर्थात् कोकेका संस्थापक माधव नेपालले माले र एमालेका रुपमा आफैले विकसित गरेको पार्टी संरचना छोडेर अलग भएका छन् । उनले नयाँ क्रान्तिकारी कम्युनिष्ट शक्ति निर्माणको संकल्प समेत लिएका छन् । यो विभाजनले प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेकपा एमालेलाई ठूलो धक्का लागेको छ । केन्द्रीय कमिटीका ६०, प्रतिनिधिसभाका ३५ र राष्ट्रियसभाका आठ सांसद मात्रै नभएर प्रदेश र स्थानीय तहका पनि थुप्रै नेताहरु नयाँ पार्टीतिर लागेका छन् । यता एमाले भने सात मध्ये प्रदेशसभामा ठूलो शक्ति भएपनि लगभग सबैतिरबाट बढारिने अवस्था बनेको छ ।

### धनाढ्य...

सरकारले दिएको राहतबापतको रकमबाट चितवनको २ ठाउँ र मकवानपुरको १ ठाउँमा जग्गा किनेको उल्लेख गरेकी छन् । अधिकारीसँग ३ तोला सुन, विभिन्न बैंकमा ८ लाख ६० हजार नगद र एउटा स्कुटर रहेको र लमजुङको दुधपोखरीमा १ लाख ५३ हजार वर्गमिटर जग्गा र त्यहाँ घर रहेको सार्वजनिक विवरणमा उल्लेख छ ।

वन, वातावरण तथा भूसंरक्षण मन्त्री दीपक थापाले छोराछोरीको रेमिट्यान्सबाट पोखरा महानगरपालिका-१४ मा ४० लाख रुपैयाँमा जग्गा किनेका र स्याङ्जा विरुवामा २ वटा घर रहेको जनाएका छन् । उनी सँग ३० तोला सुन र २० तोला चाँदी, विभिन्न बैंकमा १५ हजार नगद छ भने थापाले ६१ लाख ५० हजार रुपैयाँ ऋण लिएको उल्लेख पनि गरेका छन् ।

जनता समाजवादीका ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्री हरिशरण आचार्यको गोरखा पालुङटारमा बुवाको नाममा रहेको पुर्ख्यौली घर जग्गा संयुक्त छ । श्रीमती गंगा सुनारको नाममा पालुङटारमै ३ लाखको जग्गा छ भने ८ तोला सुन र ५ तोला चाँदी रहेको मन्त्री आचार्यले सार्वजनिक गरेका छन् । मन्त्री आचार्यको विभिन्न बैंकमा ५० हजार बचत छ भने कृषि विकास बैंक र प्रभु बैंकबाट ५० लाख ऋण लिएर फर्निचर उद्योग खोलेको बताइएको छ ।

युवा तथा खेलकुद मन्त्री दीपक मनाङे भूमि, व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्री चन्द्रबहादुर बुढाले भने अझै सम्पत्ति विवरण बुझाएका छैनन् ।

### उपत्यकाको...

बताउँछन् । उनी भन्छन्, “निर्माणाधीन बञ्चरेडाँडामा फोहर व्यवस्थापनको काम शुरु नगरिएसम्म समस्या समाधान हुँदैन, सिसडोलमा अब व्यवस्थापन गर्ने ठाउँ छैन ।”


## भूल सुधार

मिति २०७८/०५/०९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित ओमानमा वैदेशिक रोजगार शिर्षक, **कम्पनी : OMAN DRYDOCK COMPANY को चलानी नं.: ६०१६१७००, LT. No.: 243823 र पुर्व स्वीकृत मिति: २०७८/०५/०३** भएको विज्ञापनमा **अन्तर्वार्ता मिति २०७८ भदौ १६ देखि २२ गते (1 to 7 Sep. 2021)** हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

GULF MANPOWER SERVICES PVT. LTD.
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333

## राहदानी हरायो

मिति २०७८/०४/२९ गते तिनकुनबाट माइतीघरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**: जयराम नेपाली
**राहदानी नं.**: 09598971
**ठेगाना**: जुम्ला
**सम्पर्क**: 9848023406

## भूल सुधार

मिति २०७८/०५/०९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा वैदेशिक रोजगार शिर्षक, **चलानी नं.: ६०१६१८०२ LT. No.: 244363 र चलानी नं.: ६०१६१८०१, LT. No.: 244364** भएको विज्ञापनमा **अन्तर्वार्ता मिति २०७८ भदौ १६ गते** हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

मादी ओभरसिज सर्भिसेस प्रा. लि.
पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ०१-५१८११३८, ५१८००३९

## कतारमा रोजगारको अवसर | १. कम्पनी : MARBLE HOUSE शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८५८ LT. No.: 244480

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 2 | 0 | | 1500 | ४८,०९० | | | | | | | |

**२. कम्पनी : HEZAM MUBARAK TRADING & CONTRACTING CO.** शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८५७ LT. No.: 244479

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Maker | 1 | 0 | | 1200 | ३८,४७२ | | | | | | | |

**३. कम्पनी : SHATEBAH TRADING AND CONTRACTING** शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०४/२२ चलानी नं.: ६०१६११५६ LT. No.: 243612 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | स. काममा दक्ष | 1500 | ४८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १७ गते (2 Sept. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Lic No.: 1428/074/75
AAROHAN HUMAN RESOURCE PVT. LTD
Battisputali, 09. Kathmandu ,Nepal. Tel.: +977-14465606,
Email : contact@arohanhr.com


## Invitation for Bids

# INDRASAROWAR RURAL MUNICIPALITY

**Kulekhani, Makawanpur**

## Invitation of Electronic Bids for the below mentioned projects

**Date of publication: 2021/08/26**

1. The Indrasarowar Rural Municipality has allocated funds towards the cost of below mentioned projects and intends to apply part of the funds to cover eligible payments. Bidding is open to all eligible as per Section V of bidding document.
2. Indrasarowar Rural Municipality invites electronic bids from eligible bidders for the construction of Below mentioned works under National Competitive Bidding

| S. No. | Contract No | Description of Work | Cost of Bid Document | Estimated Amount with VAT(Nrs) | Bid Security (Nrs.) | Procedure |
|---|---|---|---|---|---|---|
| 1 | IRM/NCB/ Building/ 01/078/079 | Shree Batsaladevi Secondary School Hostel Construction Project | Rs. 3,000.00 | Rs. 87,13,477.49 | Rs. 2,20,000 | NCB- Single Stage Single Envelope |
| 2 | IRM/NCB/AD-MIN-BUILDING/ 01/078/079 | Construction of Administrative Building of Indrasarowar Rural Municipality | Rs. 10,000.00 | - | Rs. 35,00,000.00 | NCB- Single Stage Two Envelope |

3. Only eligible bidders with the following key qualifications should participate in the bidding of IRM/NCB/ADMIN-BUILDING/01/078/079:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 93 Million
   - Minimum Work experience of similar size and nature: 1 project of NRs. 123.5 Million in last three years prior to submission of bid
4. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Indrasarowar Rural Municipality, Office of Rural Municipal Executives, Kulekhani Makawanpur, Contact Number: +977-9855088166, +977-9845345505, e-mail: infra.indrasarowar@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
6. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Bank of Kathmandu Ltd.
   Name of Office : Indrasarowar Rural Municipality — Office Code no. :
   Office Account no.: 018000000370524 — Rajaswa (revenue) Shirshak no. :
7. Pre-bid meeting shall be held at Indrasarowar Rural Municipality, Office of Rural Municipal Executives, Kulekhani Makawanpur at 12:00, 2021/09/07.
8. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 10:00 on 2021/09/26. Bids received after this deadline will be rejected.
9. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 11:00 2021/09/26 Office of Rural Municipal Executives, Indrasarowar Rural Municipality, Kulekhani, Makawanpur. Bids must be valid for a period of 90 days and 120 days after bid opening for the IRM/NCB/Building/01/078/079 and IRM/NCB/ADMIN-BUILDING/01/078/079 respectively and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


## साउदीमा रोजगार | १. कम्पनी: ABDULLAH IBRAHIM AL AWIES WORKSHOP FOR BLAKSMIT AND ALIMINIUM शहर: Jeddah

पुर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८९९ L.T. No.: 244151

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२ कम्पनी: SHOROUK AYED AWAD AL SHAMMARI CORPORATION FOR OPERATION AND MAINTENANCE** शहर: Mahail
पुर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१९०० L.T. No.: 244150

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**३. कम्पनी: AMAL ALI BIN NASSER AL HAMDAN EST. FOR FEED** शहर: Al Ahsa
पुर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८९७ L.T. No.: 244236

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 2000 | ६३,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**४. कम्पनी: RAWABI NAJD COMPANY LIMITED IS A ONE PERSON COMPANY** शहर: Tabuk
पुर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१९०१ L.T. No.: 244149

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 2 | 0 | स. काममा दक्ष | 1700 | ५३,६८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**५. कम्पनी: HAIFA ABDULRAHMAN ALI AL ASIRI ICE CREAM FOUNDATION** शहर: Taif
पुर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८९८ L.T. No.: 244152

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**६. कम्पनी: SUGAR CLOUDS TRADING CORPORATION** शहर: Umluj
पुर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८९६ L.T. No.: 244237

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**७. कम्पनी: The Branch Of The Pioneering Coordination Company For General Contracting Is A One-person Company** शहर: Riyadh
पुर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८९५ L.T. No.: 244238

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १७ गते (2 Sept. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ७को निःशुल्क अन्य रु. १०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 1251/074/075
**Al Taaz International Pvt. Ltd.**
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102, 9801147158, 9801147202, 9801147203
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np



पाल्पाको तानसेनमा निकालिएको बाघजात्रा । गाइजात्रादेखि एक सातासम्म विभिन्न प्रकारका जात्रा निकाल्ने चलन छ ।
तस्वीरःरासस

# दार्चुला धामी घटनाको प्रतिवेदन आगामी साता बुझाइने

काठमाडौं/मस-दार्चुला तुइन तर्ने क्रममा महाकालीमा खसेर जयसिंह धामी बेपत्ता भएको घटनाको सत्यतथ्य पत्ता लगाउन गृह मन्त्रालयद्वारा गठित छानबिन समितिले आगामी हप्ता आफ्नो प्रतिवेदन बुझाउने तयारी गरेको छ। पटकपटक म्याद थप हुँदासमेत प्रतिवेदन बुझाउन नसकेको समितिले आगामी हप्ता भने बुझाउने गरी काम भइरहेको जनाइएको छ।

समितिका संयोजक सहसचिव जनार्दन गौतमले आज पनि उक्त विषयमा समितिका सदस्यबीच छलफल जारी रहेको र केही नयाँ सन्दर्भ आउँदा जिल्लासँग छलफल र समन्वय भइरहेको बताए। उनका अनुसार अब थप एक हप्तामा अनुसन्धान सकेर मन्त्रालयलाई प्रतिवेदन बुझाउने तयारी गरिएको छ । घटनाको अध्ययनका लागि मन्त्रालयले सहसचिव गौतमको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो। समितिमा सुदूरपश्चिम प्रदेशका प्रमुख प्रहरी नायब महानिरीक्षक पुरुषोत्तम



कँडेल, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक हुतराज थापा, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक सुरेशकुमार श्रेष्ठ र दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी ज्योत्सना भट्ट जोशी सदस्य छन् ।

गत साउन १७ गते गठित उक्त समितिलाई सत्यतथ्य पत्ता लगाई प्रतिवेदन पेश गर्न मन्त्रालयले १० दिनको कार्यादेश दिएको थियो। साउन १८ गते टोली स्थलगत अध्ययनका लागि त्यसतर्फ गएको थियो । छानबिन नसकिएपछि मन्त्रालयल यही मंगलबारसहित तीन पटक म्याद थप गरिसकेको छ । यसअघि साउन २५ र यही भदौ १ गते पनि समितिको म्याद थप गरिएको थियो ।

यसअघि टोली दार्चुला पुगेर स्थलगत रुपमा घटनाको अध्ययन गरी फर्किएको थियो। सो क्रममा टोलीले राजनीतिक दल, सरकारी अधिकारी, पत्रकार, स्थानीयवासी, पीडित परिवार, जनप्रतिनिधिसँग छलफल गरेको थियो भने खोजबिनका सिलसिलामा बैतडी, कञ्चनपुरसमेत पुगेको जनाइएको छ। साउन १५ गते दार्चुलाको ब्यास गाउँपालिका- २ स्थित तुइन तरेर भारत जाने क्रममा खसेर धामी बेपत्ता भएका थिए । पीडित पक्ष तथा स्थानीयवासीले भने भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले तुइन काटिदिएका कारण खसेको आरोप लगाएका छन् भने कतिपयले डोरी फुस्काइदिँदा नदीमा खसेको बताउँदै आएका छन्।

# सिन्धुपाल्चोकबाट काठमाडौं जाँदै गरेको बस दुर्घटना, दुई जनाको मृत्यु

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
सिन्धुपाल्चोक, ९ भदौ

सिन्धुपाल्चोकको ठोकर्पाबाट काठमाडौं जाँदै गरेको यात्रुवाहक बस दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ भने २४ जना घाइते भएका छन् ।बा ३ ख ८०३० नम्बरको बस सुनकोसी गाउँपालिकाको वडा नं ३ कालिकामा दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । गाडी सडकबाट करिब २५ मिटर तल खसेको थियो।

मृत्यु हुनेमा ललितपुर ठुलो दुलुङ्का अन्दाजी ४० वर्षीय राजन बराम रहरेका छन् भने अर्का मृतकको सनाखत हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले जनाएको छ। घाइतेमध्ये २० जना धुलिखेल अस्पताल र २० जना सदाबहार अस्पताल खाडीचौरमा र १ जना मध्यपुर अस्पतालमा उपचार भइरहेको प्रहरी नायव उपरीक्षक दक्ष कुमार बस्नेतले मध्यान्हलाई जानकारी दिए ।

# रौतहट लागूऔषध प्रकरणः एसएसपीको नेतृत्वमा चार सदस्यीय समिति गठन

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ९ भदौ-

रौतहटमा, लागूऔषध काण्डको पत्रकार पक्राउ प्रकरणमा छानबिन गर्न प्रहरी प्रधान कार्यालयले एसएसपीको नेतृत्वमा चार सदस्यीय समिति गठन गरेको छ । पत्रकारलाई फसाउनकै लागि प्रहरी अधिकारीको संलग्नतामा लागूऔषध मोटरसाइकलमा राखिएको सीसीटीभी फुटेजबाट सार्वजनिक भएपछि प्रहरी मुख्यालयले छानबिन थालेको हो। एसएसपी कृष्ण कुमार महतको नेतृत्वमा छानबिन समिति गठन गरिएको प्रहरी प्रवक्ता एसएसपी बसन्तबहादुर कुँवरले बताए । गत साउन ३२ मा पत्रकार मोहम्मद मोजिबुल्लाह आफ्नो एक साथीसँग होटल ग्रिन पुगेका थिए । त्यहाँ उनले बाहिर पार्किङ गरेको मोटरसाइकलमा जिल्लाका दुई जना सादा पोसाकका घुमुवा प्रहरीले अन्य दुई जनालाई प्रयोग गरी लागूऔषध राख्न लगाएको सीसीटीभीको फुटेजमा देखिएको छ।

रौतहट एक्सप्रेसका पत्रकार मोजिबुल्लाहलाई होटलबाट निस्केको केही बेरमै प्रहरीले पक्राउ गरेको थियो । त्यसपछि आफ्नो बयान एउटा भए पनि प्रहरीले अर्को बयान लेखेको र अपशब्द प्रयोग गरी गाली गरेको मोजिबुल्लाहले बताएका छन्।

सीसीटीभी फुटेज बाहिरिएपछि प्रहरी अधिकारीको कर्तुत बाहिर आएको हो । हाल प्रहरीले पत्रकार मोजिबुल्लाहसँगै उनका साथीलाई रिहा गरिसकेको छ। साथै घटनामा संलग्न प्रहरी सहायक निरीक्षक उदयप्रसाद यादव र प्रहरी जवान मनोज साहलाई निलम्बन गरिएको छ। लागूऔषध राख्ने स्थानीय धिरज यादव र जितेशकुमार यादवलाई पक्राउ गरिएको छ । प्रहरीले उक्त घटनामा पत्रकार महासंघको रौतहट शाखाका सहसचिव सञ्जय सहनीको पनि संलग्नता रहेको दाबी गरेको छ।





### किन फसाइयो पत्रकारलाई

पत्रकार मोजिबुल्लाहले जिल्लामा प्रहरीबाट हुने अनियमितताको समाचार लेख्दै आएका थिए। उनका कारण प्रहरीको एउटा समूह असन्तुष्ट थियो उनीहरु आफ्नो गलत पक्षको उजागर गर्ने मोजिबुल्लाहलाई तह लगाउन चाहन्थे । अर्कोतर्फ मोजिबुल्लाह त्यहाँकै स्थानीय एनजीओ चलाउने अन्जु झासँग कुनै समय नजिक थिए। पछिल्लो समय उनी झाबाट टाढा भएका थिए झा अबको स्थानीय तहको चुनावमा ईशनाथको मेयर पदका लागि प्रमुख दाबेदार हुन् । हाल ईशनाथको मेयरमा सन्तोष मेहता छन् ।

झाको सम्भावना बढ्दो देखेपछि मेयर मेहताले उनलाई बद्नाम गराउन चाहेको र त्यसका लागि मोजिबुल्लाहलाई 'बकरा' बनाएको स्रोतको भनाइ छ। स्रोतका अनुसार अर्का पत्रकार सञ्जय सहनी समेत झासँग नजिक छन्। उनी झासँगै सहकार्य समेत गर्दै आएका छन् । त्यसैले मेहताले प्रहरीसँग मिलेर सहनीको प्रयोग गरी मोजिबुल्लाहलाई फसाउन लगाएको स्रोतको भनाइ छ । यसमा सहनी फसेमा मेहतालाई झाको चरित्रहत्या गर्न सहयोग पुग्ने योजना रहेको स्रोतले बतायो। एक तीर दुई निशाना भनेजस्तो गरी यो घटना गराइएको छ । 'एकातर्फ झाको चरित्रहत्या गर्ने मेयर मेहताको उद्देश्य पूरा हुने र अर्कोतर्फ प्रहरीको तारो बनेका मोजिबुल्लाहलाई तह लगाउने योजना हो' स्रोतले भन्यो । यसमा सहनी फसे पनि योजनाकारलाई कुनै हानी हुने थिएन ।

### एसपीसहितको संलग्नतामा यसरी बन्यो योजना

प्रहरी प्रधान कार्यालयले केही साताभित्रै एसपीहरुको सरुवा गर्दै थियो । यस क्रममा रौतहटका प्रहरी प्रमुख एसपी सिद्धिविक्रम शाहको पनि सरुवा हुने निश्चित थियो । रौतहटमा आफ्नो कार्यकालतिर उनलाई प्रस्ताव आयो- पत्रकारलाई लागूऔषधको मुद्दामा फसाउने त्यसका लागि उनले आर्थिक लाभ पाउने, स्रोतका अनुसार शाहले पनि यो प्रस्ताव स्वीकार गरे । मोजिबुल्लाह पक्राउपछि एसपी शाहको अर्का पत्रकार सञ्जय सहनीसँग कुरा भएको अडियो रेकर्ड पनि सार्वजनिक भएको छ। अडियो रेकर्डमा शाहले सहनीसँग आफ्नो असईले काम गरेको बताएको स्पष्ट सुन्न सकिन्छ । जसले पनि उनी योजनामा संलग्न रहेको पुष्टि हुन्छ।

स्रोतका अनुसार मेयर मेहता र उनका भाइ मोहन मेहताले पत्रकार मोजिबुल्लाहलाई प्रहरीको संलग्नतामा फसाउने योजना बनाएका हुन् । मोहन लागूऔषध तस्करीको आरोप लाग्दै आएका व्यक्ति हुन् । २०७६ मा मकवानपुरको हेटौंडमा मोहन अध्यक्ष रहेको डुमरिया स्वास्थ्य चौकीको एम्बुलेन्सबाट गाँजा बरामद भएको थियो। त्यसक्रममा तीन जना पक्राउ परेका थिए ।

तिनै मेहताको दाजुभाइबाट आर्थिक लाभ पाउने भएपछि एसपी शाहले पनि सहयोग गरेको स्रोतको भनाइ छ। शाहकै निर्देशमा घुमुवा प्रहरीले स्थानीयलाई प्रयोग लागूऔषध राख्न लगाएको स्रोतले बतायो। घटनाको समयमा भने शाह बिदामा बसेका थिए ।

### कहाँबाट आयो लागूऔषध

घुमुवा प्रहरीले पत्रकार मोजिबुल्लाहको मोटरसाइकलमा लागूऔषध नाइट्राभेट राख्न लगाएको सार्वजनिक भएको छ। यो सीमापारि भारतमा खुल्लमखुल्ला पाइने लागूऔषध हो । तर, नेपालमा प्रतिबन्धित छ सीमा क्षेत्रमा ओसार पसारमा संलग्न व्यक्ति तथा यस्तो लागूऔषध बारम्बार बरामद हुने गरेको छ ।

मोटरसाइकलमा राख्न प्रहरीले यस्तो लागूऔषध कहाँबाट ल्यायो भन्ने प्रश्न अहिले खडा भएको छ । प्रहरीले यदि बरामद भएकै लागूऔषध प्रयोग गरेको हो भने यसअघि पनि त्यसरी बरामद भएको लागूऔषध प्रहरीले झिक्ने गरेको आरोप लाग्ने भएको छ। यदि त्यसो होइन भने यो लागूऔषध पत्रकारलाई फसाउनकै लागि भारतबाट नै ल्याउन लगाएको देखिन्छ । यस प्रकरणमा प्रहरी अधिकारीले प्रयोग लागूऔषधको स्रोतको विषयमा पनि अहम् बनेको छ ।

### के भन्छन् आरोपित र छुटेका पत्रकार

हिरासतबाट छुटेका पत्रकार मोजिबुल्लाहले आफूलाई फसाइएको र प्रहरीले आफ्नो कुरा पनि नसुनेको बताएका छन् । उनले अझै पनि आफू असुरक्षित रहेको सामाजिक सञ्चालमा उल्लेख गरेका छन् 'म आफू असुरक्षित महसुस गरिरहेको छु। मलाई फसाउनका लागि षड् यन्त्र गर्ने व्यक्तिहरुले कुन बेला के गर्छ केही थाहा छैन हजुर हरुसँग सुरक्षाको आश गर्दै छु । मुजिबुल्लाहले समाजिक सञ्जालमा लेखेका यस्तै अर्का पत्रकार सहनीले आफू निर्दोष रहेको र फरार नरहेको सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् । उनले आफूसँग भएको प्रमाण नष्ट गर्ने प्रयास भइरहेको पनि जनाएका छन् ।

'म निर्दोष रहेको र मसँग भएको प्रमाण नष्ट गर्न धेरैले प्रयास गरिरहेको भएता पनि सुरक्षित राख्ने र सुरक्षित हुने कोसिसमा छु । म आफैं सुरक्षित नभएको जानकारी गराउन चाहन्छु,' उनले लेखेका छन् ।

# नुवाकोट शिवपुरीको प्रमुख प्रशासकीय अधिकृतमा भट्ट नियुक्त

**दिवस ढकाल/मध्यान्ह**
नुवाकोट, ९ भदौ

नुवाकोटको शिवपुरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी ज्ञानेन्द्र प्रसाद भट्टले सम्हालेका छन् ।शिक्षा शाखा प्रमुख रहेका भट्टले रिक्त रहेको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी आधिकारीक रुपमा मंगलबारबाट सम्हालेका हुन् । उनलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शिवपुरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी तोकेको हो ।

प्रमुख प्रशासकीय अधिकृतको रुपमा स्वागत तथा





पदभार ग्रहण गराउँदै शिवपुरी गाउँपालिकाका अध्यक्ष रामकृष्ण थापाले जनप्रतिनिधिहरुको यो अन्तिम कार्यकाल भएकाले सबै कर्मचारीहरुबाट राम्रो सहयोग मिल्ने विश्वास व्यक्त गरेका छन् । सम्वृद्ध शिवपुरी निर्माणका लागि कर्मचारीहरुको कार्यसम्पादन राम्रो हुनु आवश्यक रहेको भन्दै अध्यक्ष थापाले यसमा जनप्रतिनिधिहरुको पूर्ण सहयोग रहने बताए ।

पदभार ग्रहण गर्दै शिवपुरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्ञानेन्द्र प्रसाद भट्टले शिवपुरी गाउँपालिकाको विकास सामूहिक काम भएकाले कर्मचारी र जनप्रतिनिधिहरुबीचमा राम्रो सम्बन्ध कायम हुनुपर्ने बताए । कार्य सम्पादनका क्रममा उत्पन्न हुने समस्याको समाधान गाउँपालिकाभित्रै खोज्नुपर्नेमा उनले जोड दिए । प्रमुख प्रशासकीय अधिकृत भट्टले आ-आफ्नो तोकिएको जिम्मेवारी इमान्दारीताका साथ पूरा गर्न सबै कर्मचारीहरुलाई आग्रह पनि गरे। धादिङ स्थायी घर भएका भट्ट विगत २ वर्षदेखि नै शिवपुरीमा कार्यरत छन् ।

साउदीमा रोजगार | कम्पनी : JAWHARA TASTE CAFE TO SERVE DRINKS
शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०५/०८ चलानी नं.: ६०१६१८४३ LT. No.: 244359

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beverage Juice Maker | 3 | 0 | | 1200 | ३७,८९६ | | | | | | | |
| 3. | Kitchen Worker | 3 | 0 | | 1200 | ३७,८९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १७ गते (2 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Lic No.: 836/066/067
बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com

QATAR मा रोजगार कम्पनी: TAWSEEL TRANSPORT CONSUMABLES
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७७/०९/२२ चलानी नं.: ६०१५४०६६ LT. No.: 235582 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 5 | 0 | स. काममा दक्ष | 1600 | ५१,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

नोटः बाइक राइडरलहरुले Talabat Delivery कम्पनीमा Delivery को काम गर्नुपर्ने छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १७ गते (02 September 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ७६३/०६५/०७६
Prayas Re-Employment Consultant (Pvt.) Ltd.
Way to Gopi Krishna Hall, Opposite to Siddhartha Bank, Chabahill, Saraswati Nagar, Kathmandu
Tel.: 0-4820095, 4820074 | Mob: 9851067213, 9823841132
Email: rson2006@gmail.com | web.:www.prayasre.com

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बसन्तपुर नयाँ शहर आयोजना कार्यालय
बसन्तपुर, तेह्रथुम

**वोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

(प्रकाशित मिति : २०७८।०५।१०)

यस कार्यालयको सूचना नं. ०४/०७७/७८, मिति २०७८।०३।१० गतेको अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भए अनुसार दर्ता हुन आएका सिलबन्दी वोलपत्रहरु मध्ये न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही तपसिल बमोजिमको निर्माण कार्यको वोलपत्र स्वीकृतको लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण वोलपत्रदाताहरुको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम | छनोट भएको वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १. | DUDBC/NT-B/WORKS/NCB/13-77/078 | पिंगुवा खोला हित्तआल खानेपानी योजना निर्माण कार्य | श्री CAB-GRD J/V Kathmandu | Nrs. 2,86,79,847.18 |

आयोजना प्रमुख

## सम्पादकीय

# भूमिका भुलेका संस्थाहरू

प्रमुख विपक्षी दल नेकपा एमालेका सांसदहरू बुधबार पनि सभामुख अग्निप्रसाद सापकोटाको कार्यकक्षमा ध्यानाकर्षण गराउन पुगे । तर सभामुख सापकोटा भने दाँतको उपचार गराएपछि आराम गर्नुपर्ने भएको भन्दै कार्यकक्षा आएनन् । सभामुख सापकोटाले मंगलबार दाँतको उपचार गराएका थिए । एमालेका नेताहरू भने लगातार सभामुख सापकोटाको ध्यानाकर्षण गराउन पुगिरहेका छन् । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सहित १४ सांसदहरूलाई गरिएको कारबाही अगाडि नबढाइएको भन्दै एमालेले सभामुख सापकोटा प्रति चर्को आक्रोश व्यक्त गर्दै आएका छन् । बुधबार मात्रै एमाले अध्यक्ष केपी शर्मा ओलीले सभामुख सापकोटाले भूमिका भुलेको आरोप लगाए । पत्रकार सम्मेलनमा अध्यक्ष ओलीले सभामुख सापकोटासँग दुई वटा कानून भएको पनि टिप्पणी गरे । उनको भनाइ थियो– नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पठाएको पत्र तुरून्तै कार्यान्वयन गरियो, तर एमालेको पत्र भने अगाडि बढाइएन ।

नभन्दै सभामुख सापकोटाको व्यवहार ओलीको आरोपसँग मिल्छ । माओवादी केन्द्र छोडेका टोपबहादुर रायमाझी, लेखराज भट्ट, गौरीशंकर चौधरी र प्रभु साहलाई सभामुख सापकोटाले पदमुक्त गराउन लामो समय लगाएनन् । माओवादीको पत्र पाएपछि उनीहरूलाई सांसद पदबाट मुक्त गरे । तर एमालेले माधव नेपाल सहित १४ सांसदलाई पदमुक्त गर्न पठाएको पत्र नौ दिनदेखि संसद् सचिवालयमै छ । जबकी यी १४ सांसदले अर्को दल बनाइसके । पदमुक्त गराउन पत्र पठाइएको भोलिपल्ट, २ भदौमा माधव नेपालले अर्को दल (नेकपा एकीकृत समाजवादी) दर्ता गरेका थिए । बुधबार सनाखत सकिएर वैधानिकताको प्रक्रिया सकियो । तर सभामुख सापकोटाले कारबाही प्रक्रियामा आलटाल कायमै राखे ।

सांसद पदमुक्त ठीक वा बेठीक बहसको विषय हो । तर माओवादी केन्द्रले पदमुक्त गरिएको पत्र तुरून्तै कार्यान्वयन गरेका सभामुखले एमालेका हकमा फरक गर्नुले द्वैध नीतिको प्रमाण हो । अर्कातर्फ व्यवस्थापिका प्रमुखले आफ्नो भूमिका विर्सिएको समेत भन्न सकिन्छ । र सभामुखको भूमिकाले हाम्रा संस्थाहरू संस्था जस्तो बन्न नसकेको पनि बुझ्न गाह्रो पर्दैन । किनकि पछिल्लो राजनीतिक घटनाक्रममा निर्वाचन आयोग, राष्ट्रपति र कार्यकारी प्रमुखले समेत संवैधानिक मर्यादा भुलेको आरोप खेपेका थिए । जसको निरन्तरता नयाँ गठबन्धनको सरकार र सभामुख सापकोटाले पनि दिएका छन् ।

## सामाजिक सञ्जाल



यात्रा समाजवाद निर्माणको, नेपाल पुँजीवादी युगमा छ । यसैले अबको कार्यक्रम समाजवाद निर्माणको हो । जनताको बहुदलीय जनवादले आफ्नो मिसन पुरा गरेको छ, यसको सम्मान गरिन्छ तर, अब यो कार्यक्रमले समाज अगाडि बढ्दैन । स्पष्ट हुन जरूरी छ । जबजको नाममा कोही, कतै भावनात्मक शोषणमा पर्नु हुँदैन ।

**- डा. विजय पौडेल**




सभामुख अग्नीप्रसाद सापकोटा माओवादी हुन् । माओवादी सत्तापक्षको साझेदार पनि हो । यदि, सभामुखले माधव नेपाल पक्षमा गएका सांसदहरूलाई कारबाही गरेको पत्र सदर गर्दिएको भए सरकार सञ्चालनमा बाधा पुग्थ्यो । सभामुखले जानी जानी आफ्नो खुट्टामा आफैं किन बञ्चरो हान्थे ?

**- प्रेम मगर**




'तिम्रो बामपन्थी माया', खुशी हुँदा पछाडि फर्कने, पुल भत्कियो भनेर अंगालो हाल्थेउ ! कहिले छोडेर नयाँ गठजोड खोज्दै 'हामी यता छौं' भन्छौ । कहिले चिनि, पानीमा घोलियो अब भेटिन्न भन्ने ! मुखमा आएजति शब्दले तथानाम पनि बोल्छौ ! तिमीले माया नै गरेकी हौ कि राजनीति ? म निर्धोलाई बार्दली मै पुर्‍याएर ?

**- गौतम रायमाझी**



देशमा भ्रष्टाचार नियन्त्रण गरिने वा भ्रष्टाचारको अनुसन्धान गरिने निकाय अदुअआयोग हो तर, अ.दु.अ.आयोग होकि आर्थिक दुरूपयोग गरिने आयोग हो भन्न सकिदैन । महालेखाले ६ खर्ब ७८अर्ब बेरूजु र अनियमित भएको देखाउँदा पनि अख्तियारले छानबिन गर्नेतर्फ नलाग्नु राष्ट्रको लागि दुर्भाग्यपुर्ण हो ।

**- सेतेमान तामाङ**



महालेखाको काम अनियमितता देखाई दिने हो, कारबाही गर्ने निकायमा सतर्कता केन्द्र छ, अख्तियार छ । सार्वजनिक लेखा (संसद)ले निगरानी र फलोअप गर्नु पर्‍यो । तपाईं हामी जस्ता नागरिक र मिडियाले पनि घचघच्याई रहनु पर्यो । मुख्य जिम्मेवारी त सचिव र मन्त्रीको हो– सुशासनका लागि सुधार गर्ने । खै गर्दैनन !

**- तारानाथ दाहाल**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail.com

# शैक्षिक क्षेत्रका मुख्य जिम्मेवारी

शिक्षा गुणस्तरका सर्त असल, सक्षम र विज्ञ शिक्षक तथा नागरिक उत्पादन हो । सामाजिक विकासका कार्यमा शिक्षा पद्धति र शिक्षक सहकार्य तथा संकायगत सम्वेदनशीलता अति आवश्यक हुन्छ । नेपाली शिक्षाशास्त्र पठनपाठन र विकास पद्धति अनुसन्धानमुखी हुन सकेको छैन ।



● ईश्वरीप्रसाद पोखरेल

विश्वविद्यालय तथा कलेज व्यवस्थापन र प्रतिस्पर्धामा नयाँ-नयाँ कार्यक्रम र विधिहरूको प्रवेश गराई गुणात्मक्ता, सक्षमता र समानतामा राज्य सचेत हुने र विश्वविद्यालयहरुलाई जनशक्ति व्यवस्थापन गर्न योजना सरकारले दिनु पर्दछ। उच्च शिक्षाका अनुसन्धान केन्द्रहरूलाई एक्लो अलग-थलग नराखी जैविक विविधता र सिकाइका क्षेत्रमा जोड्न अर्थ, समाज, भूगोल र योजनाविदसँगै हिड्नु, हिडाउनु अति आवश्यक छ । उच्च शिक्षाको अनुसन्धान देशको विकासमा पूरक तथा सहयोगी मात्र होइन् प्रमाणिक आधार हुनु र पिछिडएका वर्ग वा पछाडि पारिएका वर्गको लागि अचुक अस्त्र बन्नुपर्दछ। उच्च शिक्षाको अनुसन्धानले विवि लगायतका सबै विश्वविद्यालयका अनुसन्धान केन्द्रहरूलाई जीवन्त, क्रियाशील र प्रामाणिक आधार दिएर सबै क्षेत्रका अनुसन्धानको अगुवाइ गर्नुपर्छ ।

### शिक्षामा आर्थिक लगानी वृद्धि आवश्यक

शिक्षा क्षेत्रमा कुल राष्ट्रिय बजेट २५ प्रतिशत छुट्याउन शिक्षाविदहरुले आग्रह गर्दा विद्यालय शिक्षादेखि उच्च शिक्षालयको जनशक्तिबाट राज्यका यी यी क्षेत्रमा विकास निर्माण, प्राविधिक कार्य र साधारण सेवामा सहयोग पुग्छ भन्ने आधार वैज्ञानिक रुपमा दिनु आवश्यक छ । सार्वजनिक क्षेत्रमा शैक्षिक क्षेत्रको सहभागिताको नीतिगत आधार राज्यलाई योजनावद्ध रुपमा दिनु विश्वविद्यालय, प्रतिष्ठान तथा कलेजहरुको कर्तव्य हुन्छ । सर्वप्रथम शिक्षा व्यवस्थापनमा विद्यार्थीलाई प्रशिक्षित तथा समाजका लागि उपयोगी हुने वातावरण शिक्षा पद्धतिले सुनिश्चित गर्नुपर्दछ । विकास निर्माण र समृद्धिमा शैक्षिक निकायहरु जिम्मेवार हुने र सबै भूमिकामा शैक्षिक क्षेत्रले अगुवाइ गर्ने अवस्था निर्माण भएमा शिक्षा क्षेत्रमा कुलबजेटको २५ प्रतिशत मात्र नभएर ४० प्रतिशत पनि छुट्याउन सकिन्छ ।

विज्ञान, प्रविधि तथा केही विषयगत व्यावसायिक शिक्षालाई अलग गर्दा उच्च शिक्षामा १३ प्रतिशत मात्र प्राविधिक शिक्षाको व्यवस्था छ र ८७ प्रतिशत साधारण शिक्षा पढ्ने विद्यार्थी छन् । तिनको पनि उत्तीर्ण प्रतिशत अति नै कमजोर देखिन्छ। यसर्थ उच्च शिक्षाको गुणात्मक्ता र प्राविधिक तथा व्यावसायिक जनशक्ति व्यवस्थापनमा धेरै काम गर्न बाँकी छ । साधारण शिक्षा ३० प्रतिशत र ७० प्रतिशत प्राविधिक र व्यावसायिक उच्च शिक्षा व्यवस्थापनमा रुपान्तरण गर्न धेरै समस्या र चुनौती सामना गर्नुपर्ने हुन सक्छ। जसलाई सम्बोधन नगरी मुलुकको उच्चशिक्षा बलियो हुने सम्भावना छैन । यसर्थ सरकारी खर्चमा कटौती, कार्यालयको साधारण बजेटमा नियन्त्रण, सार्वजनिक सेवाका दरवन्दीमा व्यापक कटौटी गरी कक्षा १२ देखि उच्च शिक्षाको प्रत्येक तह पार गर्ने विद्यार्थीलाई आकर्षक निर्वाह भत्तासहित इन्टर्नसीप तथा अभ्यासमा एक वर्ष तोकिएका स्थानमा गएर सेवा गर्नैपर्ने पद्धतिबाट थोरै लगानीमा धेरै काम लिन सकिन्छ र शिक्षाको बजेटमा लगानी वृद्धि गर्न सकिने हुन्छ ।

> सार्वजनिक क्षेत्रमा शैक्षिक क्षेत्रको सहभागिताको नीतिगत आधार राज्यलाई योजनावद्ध रुपमा दिनु विश्वविद्यालय, प्रतिष्ठान तथा कलेजहरुको कर्तव्य हुन्छ । सर्वप्रथम शिक्षा व्यवस्थापनमा विद्यार्थीलाई प्रशिक्षित तथा समाजका लागि उपयोगी हुने वातावरण शिक्षा पद्धतिले सुनिश्चित गर्नुपर्दछ ।



### राष्ट्रिय विकास सेवा तथा जनशक्ति सक्षमता पहिचान

शिक्षा गुणस्तरका सर्त असल, सक्षम र विज्ञ शिक्षक तथा नागरिक उत्पादन हो । सामाजिक विकासका कार्यमा शिक्षा पद्धति र शिक्षक सहकार्य तथा संकायगत सम्वेदनशीलता अति आवश्यक हुन्छ । नेपाली शिक्षाशास्त्र पठनपाठन र विकास पद्धति अनुसन्धानमुखी हुन सकेको छैन । शिक्षक तथा सार्वजनिक क्षेत्रका जनशक्ति तयारी गर्न कक्षा १२ अध्ययनरत, स्नातक वा स्नातकोत्तर तह पार गरेका जुनसकै विषयको योग्यता हासिल विद्यार्थीलाई १ वर्षको शिक्षण तथा विषयगत क्षेत्रका सरकारी, सामुदायिक, सहकारी तथा संगठित निजी कार्यक्षेत्रमा कानुनबमोजिम अभ्यास केन्द्रित गर्नु उचित हुन्छ ।

यसर्थ सबै विविका प्राध्यापक तथा विद्यार्थीहरु नै आ-आफ्नो सेवा क्षेत्रमा विषयगत आधारमा शिक्षण तथा अभ्यासमा अनिवार्य सहभागी हुनुपर्ने नीति हुनुपर्दछ। प्राध्यापक र विद्यार्थीहरुको नेतृत्वमा राष्ट्रका सबै महत्वपूर्ण अनुसन्धान, नापी सर्वे, इन्जिजिनियरिङ, भौतिक विकास तथा पुनर्निर्माण, कृषि, पशु, वन पैदावर, शान्ति सुरक्षा, पुलिस, सेना, जस्ता सबै क्षेत्रमा राष्ट्रिय सेवा विकास कार्य गर्ने गराउने राज्यको शैक्षिक नीति हुनु पर्दछ ।

यसरी सबै किसिमका विकास र निर्माणका कार्यमा सरिक हुन संघीय, प्रादेशिक तथा स्थानीय तहमा खोलिने टेन्डरहरुमा विषयगत आधारमा कानुनी सर्तका अधिनमा रही विश्वविद्यालय, शैक्षिक प्रतिष्ठान तथा कलेजहरुले नियमानुसार अनिवार्य भाग लिने पद्धति विकास हुनु उचित हुन्छ। विविहरुको कार्यढाँचा र प्रामाणिक आधारमा गुणस्तरलाई शिक्षामा प्रवेश गराउने र प्रतिस्पर्धी तुल्याउने कार्यको प्रारम्भ उच्च शिक्षण संस्थाहरुले उदाहरणका रुपमा विकास गर्नु पर्दछ। सबै उच्च शिक्षण संस्थाहरुले सार्वजनिक तथा निजी क्षेत्रका बजारलाई आ-आफ्ना विषयगत क्षेत्रानुसार सेवा किनबेच गर्ने र आयार्जन गरी आत्मनिर्भर हुने व्यवस्था मिलाइनु पर्दछ ।

शैक्षिक संस्थाहरुलाई आयार्जनमा आत्मनिर्भर हुने तथा अन्तर्राष्ष्रिय सम्बन्ध सुदृढ गर्ने हैसियतमा उभिन सक्ने प्रतिस्पर्धी र विश्वासयुक्त बनाइनु पर्दछ । शिक्षण सिकाइलाई व्यवहारमूलक बनाउन सिद्धान्त र सीपको संयोजन अभ्यास नीति मुलुकमा अति जरुरी भएको छ। यसर्थ विश्वविद्यालय, स्नातकोत्तर कलेज, स्नातक कलेज तथा विद्यालय तहका सबै संस्थान वा विद्यालय धारका अनुसन्धाता तथा विद्यार्थीहरुले अनिवार्य अभ्यास तथा प्रशिक्षण लिनुपर्ने नीति हुनु पर्दछ। सबै शिक्षाको तहको आधारमा पढाइको तह पार गर्ने अन्तिम वर्ष योग्यता र विषयानुसार संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय, शिक्षालय तथा आयोजना, परियोजना, पुलिस, सेना, विकास कार्य आदि क्षेत्रमा कम्तिमा १ वर्ष अभ्यास कार्य अनिवार्य गरिनु पर्दछ।

केन्द्रीय, प्रादेशिक निर्वाचन क्षेत्रसम्मका स्नातकोत्तर कलेज, स्नातक कलेज तथा तोकिएका विद्यालय तथा कार्यालय, उद्योग वा प्रतिष्ठानहरुमा एक शैक्षिक सत्रको १० महिना अनिवार्य शिक्षण तथा तोकिएको विषय क्षेत्रका साथै उक्त स्थानमा थप २ महिनाको अनुसन्धान वा सामाजिक सेवा अभ्यास वा विकास निर्माण वा तोकिएको विषयमा प्रतिवेदन तयार पार्नुपर्ने तथा विश्वविद्यालय, कलेज तथा विद्यालय तहका सबै किसिम र धारका विद्याथीहरुले तोकिएको १२ महिनाको शिक्षण अभ्यास तथा सामाजिक कार्यमा संलग्न नभइकन योग्यता पूर्ण नहुने व्यवस्था गर्नु पर्दछ ।

विद्यालय तह कक्षा ९-१२ साधारण तथा प्राविधिक शिक्षामा एकवर्ष अभ्यास कार्य अनिवार्य गरिनु व्यवहारिक हुन्छ। विद्यालयका अन्तिम तहका सबै धारका विद्यार्थीबाट तोकिएका तल्ला तहका विद्यालय, स्थानीय तहका कार्यालयहरुमा अनिवार्य शिक्षण अभ्यास तथा अनुसन्धान वा सामाजिक तथा नागरिक सेवा अभ्यास वा विकास निर्माण वा तोकिएको विषयमा एक वर्ष राष्ट्रिय सेवा विकासको काम गर्नु प्रयोगात्मक सिकाइ सक्षमता प्रभावकारी हुन्छ।

### मानव संसाधन योजना कार्यान्वयन रणनीति

मुलुकको आवश्यक्ता तथा शैक्षिक संस्थागत उद्देश्य बमोजिमको विषयगत दक्ष, पेसागत नैतिक आचरण, श्रमप्रति इमानदार तथा देश र जनताप्रति जवाफदेही हुने सक्षम जनशक्ति तयार पार्ने तथा बजारमा उपलब्ध गराउने दायित्व उच्च शैक्षिक संस्थाहरुको हुन्छ । कार्यक्षेत्रमा प्रवेश गर्दा कुनै व्यावहारिक ज्ञान तथा पेसागत जानकारी नभएको जनशक्तिलाई सेवा प्रवेश तालिम दिने तथा आवश्यक्तानुसार अध्यावधिक गर्ने एवम् कार्यान्वयनमा उतार्न तथा सकारात्मक नतिजा दिन सहयोगी भूमिका खेल्ने काम तालिम प्रदायक निकायहरुको हुन्छ । विषयगत पेसागत क्षेत्रमा आवश्यक पर्ने विभिन्न सीपको माग बमोजिमको अध्यावधिक्ता र थप निखारतापूर्वक क्षमता अभिवृद्धि गर्ने कार्य क्षेत्रगत तालिम प्रदायक निकायहरुको हुने गर्दछ । यसर्थ मुलुकको सार्वजनिक सेवाको सबै पक्षमा गुणात्मक्ता र विश्वसनीयता कायम गर्न विश्वविद्यालय/शैक्षिक प्रतिष्ठान/प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद/विश्वविद्यालय अनुदान आयोग/चिकित्सा शिक्षा आयोग/नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान एवम् सबै विषयगत पेसागत तालिम प्रशिक्षण प्रतिष्ठान वा केन्द्र जस्ता निकायहरुको सहकार्य, सहयोग तथा जिम्मेवार तथा जवाफदेही भूमिका हुन्छ। यस सन्दर्भमा ती निकायहरुको कार्यक्षेत्रमा सुदृढीकरण, समसामयिक कार्यकममा अध्यावधिक्ता, थप कार्यक्षेत्रको विस्तार तथा भावी भूमिकाको खोजी महत्वपूर्ण हुन्छ ।

नीतिगत व्यवस्थामा ती संस्थाहरुले कुन-कुन विषयगत मानव संशाधन विकास तथा रोजगार एवम् स्वरोजगारका सीपका व्यवहारिक योजना, कार्यकमहरुबाट तय गर्दछन् र बजारमा पठाउँछन् अहम् सवालको विषय हुन्छ। राज्य, सरकार तथा निजी बजार क्षेत्रले कसरी कार्यान्वयनमा लैजान्छ ? यसैका आधार शैक्षिक संस्थाहरुले आफ्नो निकायबाट जनशक्ति तथा मानव संशाधन विकास योजनालाई सहयोग गर्न सक्दछन् । मुलुकको आवश्यक्तालाई सम्बोधन गर्ने गरी आफ्ना शैक्षिक तथा तालिम योजना, विस्तृत कार्यकम, पाठ्यकम परिमार्जन, नयाँ नीति, रणनीति, कार्यनीति अवलम्बन गरिनु पर्दा थप आर्थिक साधन स्रोत, मानवीय स्रोत र भौतिक पूर्वाधारको आवश्यक्ता पर्दछ। शैक्षिक अनुसन्धानका क्षेत्रलाई राज्यका हरेक आवश्यक्ताका पक्षमा केन्द्रित गरी अध्ययन, अनुसन्धान र बौद्धिक खजानाको रुपमा विकास गर्नुपर्ने हुन्छ । यसर्थ शैक्षिक संस्था वा तालिम केन्द्रको वर्तमान अवस्था, मानवीय, शैक्षिक, आर्थिक, सामाजिक सबै पक्षको समग्र चित्र देखिने विवरणसाथ प्रत्येक वर्ष नेपालमा कुन क्षेत्रमा के कति जनशक्ति चाहिन्छ ? सोको भावी २५ वर्षे मानव संशाधन विकास रणनीतिक योजना तयारी गर्ने शिक्षा मन्त्रालयको अभिभारा रहेको छ। यस पक्षमा सार्वजनिक सेवाको मुख्य मियो निजामती प्रशासन बढी सहयोगी र संवेदनशील हुन आवश्यक देखिन्छ।

***(पोखरेल शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव हुन् ।)***

# लाल आयोगको प्रतिवेदन सार्वजनिक होला ?

लाल आयोगको प्रतिवदनले सरकारको न्यूनतम साझा कार्यक्रममार्फत् सार्वजनिक गर्ने भनिए पनि यसको कार्यान्वयनमा आशंका कायमै रहेको छ । प्रतिवेदनले आधिकाशं दोष सरकारलाई देखाएका कारण सरकारले प्रतिवेदनअनुसार कमद नचाल्ने हुन कि भन्ने संशय देखिएको छ ।



● रामसुकुल मण्डल

सरकारले २०७३ असोज ६ गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा तराई, मधेश र थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलले गरेको आन्दोलनका क्रममा भएका हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाको सत्य-तथ्य छानबिन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो । महान्यायधिवक्ता कार्यालयका पूर्वनायव महान्यायधिवक्ता सूर्यप्रसाद कोइराला, पूर्वएआइजी नवराज ढकाल, राष्ट्रिय अनुसन्धान विभागका पूर्वएआइजी सुखचन्द्र झा, वरिष्ठ अधिवक्ता सुजन लोप्चन र अधिवक्ता खुशीप्रसाद थारू सदस्य र गृह मन्त्रालयको शान्ति सुरक्षा महाशाखाका प्रमुख पदेन सदस्य सचिव रहेको आयोगले २०७३ कात्तिक १ गतेबाट काम शुरू गर्‍यो ।

आयोगले १४ महीनापछि प्रतिवेदन तयार पारेर तत्कालीन प्रधानमन्त्री देउवालाई बुझाएको थियो । आयोगले पाँच हजारभन्दा बढी उजुरी छानबिन गरेको थियो। छानबिनका क्रममा २२ जिल्लामा पुगेर स्थलगत अध्ययन पनि आयोगले गरेको थियो । तराई-मधेशका २२ जिल्लाबाट संकलन गरिएका ३ हजार २५४ वटा उजुरीको अध्ययन र अनुसन्धानपछि लाल आयोगको प्रतिवेदन तयार भएको थियो। जनता समाजवादी पार्टीका सांसद्हरूले प्रतिनिधि सभामा पटक-पटक आवाज उठाएपछि सभामुखले प्रतिवेदन सार्वजनिक गर्न 'रुलिङ' गरेका थिए। तर, प्रतिवेदन अझैसम्म सार्वजनिक भएको छैन ।

बहुचर्चित र बहुप्रतिक्षित लाल आयोग एक पटक फेरि चर्चामा आएको छ। सत्तारूढ गठबन्धनले सार्वजनिक गरेको संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रममा लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने प्रतिबद्धता जनाइएको छ । साझा न्यूनतम कार्यक्रमको बुँदा नम्बर २.५ (४) मा भनिएको छ, 'तराई मधेशमा भएका विभिन्न आन्दोलनका बेला लगाइएका मुद्दाको पुनरावलोकन गरी अन्यायपूर्वक बन्दी बनाइएका व्यक्तिको रिहाइ गर्न लाल आयोगको प्रतिवेदन सार्वजनिक गरिनेछ ।'

संयोग कस्तो परेको छ भने, लाल आयोगको प्रतिवेदन २९ मंसीर २०७४ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले बुझेका थिए भने अहिले उनै देउवा प्रधानमन्त्री बनेका छन्। साझा न्यूनतम कार्यक्रमम प्रधानमन्त्री देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, जसपाका संघीय परिषद् अध्यक्ष बाबुराम भट्टराई, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी लगायतका नेताको सहमति रहेको छ।

जनता समाजवादी पार्टी, थरुहट आन्दोलनलगायतले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै आएका छन् । देउवाले प्रतिवेदन बुझेको दुई महिनापछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भए । उनी करिब साढे तीन वर्ष प्रधानमन्त्री रहँदा उक्त प्रतिवेदन सार्वजनिक गर्न माग भइरह्यो तर, सार्वजनिक भएन ।

प्रधानमन्त्रीबाट हटेपछि पहिलो पटक प्रतिनिधिसभाको बैठकमा बोल्दै ओलीले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकारलाई हाँक दिए । उनले भने, 'लाल आयोगको प्रतिवेदन अहिले नै ल्याएर सार्वजनिक गर्नुहोस्, आजै गर्नुहोस् ।'

ओली प्रधानमन्त्री रहँदा प्रतिनिधिसभाको बैठकमा लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग उठेको थियो । जवाफमा ओलीले प्रतिवेदन 'सार्वजनिक गर्ने' प्रतिबद्धता जनाएका थिए तर सार्वजनिक गरेनन् । महान्यायधिवक्ता कार्यालयका पूर्वनायब महान्यायधिवक्ता सूर्यप्रसाद कोइराला, पूर्वएआइजी नवराज ढकाल, राष्ट्रिय अनुसन्धान विभागका पूर्वएआइजी सुखचन्द्र झा, वरिष्ठ अधिवक्ता सुजन लोप्चन र अधिवक्ता खुशीप्रसाद थारू सदस्य र गृह मन्त्रालयको शान्ति सुरक्षा महाशाखाका प्रमुख पदेन सदस्य सचिव रहेको आयोगले २०७३ कात्तिक १ गतेबाट काम शुरू गर्‍यो ।

आयोगले १४ महीनापछि प्रतिवेदन तयार पारेर तत्कालीन प्रधानमन्त्री देउवालाई बुझाएको थियो । आयोगले पाँच हजारभन्दा बढी उजुरी छानबिन गरेको थियो। छानबिनका क्रममा २२ जिल्लामा पुगेर स्थलगत अध्ययन पनि आयोगले गरेको थियो । तराई-मधेशका २२ जिल्लाबाट संकलन गरिएका ३ हजार २५४ वटा उजुरीको अध्ययन र अनुसन्धानपछि लाल आयोगको प्रतिवेदन तयार भएको थियो ।

जनता समाजवादी पार्टीका सांसद्हरूले प्रतिनिधि सभामा पटक-पटक आवाज उठाएपछि सभामुखले प्रतिवेदन सार्वजनिक गर्न 'रुलिङ' गरेका थिए । तर, प्रतिवेदन अझैसम्म सार्वजनिक भएको छैन । आयोगले मुद्दा विशेषको अनुसन्धान गरेको थिएन । कसैलाई यस्तो कारबाही हुनुपर्छ भनेर सिफारिश पनि गरेको छैन । महान्यायाधिवक्ता कार्यालयको राय बमोजिम कानूनी प्रक्रिया अगाडि बढाउन प्रतिवेदनमा भनिएको छ ।

मुलुकको अखण्डता, सार्वभौमसत्ता कायम राख्न आवश्यक कुरामा प्रश्न चिह्न खडा नहोस् भनेर सबैले समान अधिकार पाउनुपर्छ भन्ने आशय प्रतिवेदनमा छ । मधेश, पहाड, हिमाल सबैतिरका जनताले समान अधिकार पाउनुपर्छ भन्ने उल्लेख गरिएको छ । संविधान निर्माणका बखत मधेशका जिल्लाहरूमा मधेशी, थारुलगायतका समुदायले गरेका आन्दोलनहरूका क्रममा भएका हत्या, हिंसा, आगजनी, लुटपाट र कुटपिटका घटनाहरूको सन्दर्भमा पीडित, नागरिक समाज र बुद्धिजीवीसँगको अन्तक्रियाबाट मधेश आन्दोलनको सत्यतथ्य केलाइएको छ । प्रतिवेदनमा मधेशका मुद्दाहरू समाधानका उपायहरू पनि सुझाइएको छ ।

यस्तै प्रतिवेदनमा तराई मधेशमा आन्दोलन हुनुका कारण यी यी छन् भन्ने उल्लेख गरिएको छ । २०७२ साउनदेखि झन्डै ६ महिना चलेको तराई-मधेश र थरुहट आन्दोलनमा सत्ता पक्षबाट गैरन्यायिक हत्या भएको निष्कर्षसहितको प्रतिवेदन छ । आन्दोलनका क्रममा जिम्मेवारी पूरा नगर्ने, प्रदर्शनकारीमाथि गोली हान्न आदेश दिने तथा आदेश पालना गर्ने तत्कालीन प्रहरी र स्थानीय प्रशासनका कर्मचारीमाथि अनुसन्धान र कारबाही गर्न सिफारिस गरिएको छ । प्रतिवेदनमा आन्दोलन हिंसात्मक बन्नुको मुख्य दोषी सरकारलाई देखाइएको छ ।

लाल आयोगको प्रतिवदनले सरकारको न्यूनतम साझा कार्यक्रममार्फत् सार्वजनिक गर्ने भनिए पनि यसको कार्यान्वयनमा आशंका कायमै रहेको छ । प्रतिवेदनले आधिकाशं दोष सरकारलाई देखाएका कारण सरकारले प्रतिवेदनअनुसार कमद नचाल्ने हुन कि भन्ने संशय देखिएको छ। वास्तवमा सरकारले नै आयोगको प्रतिवेदन सार्वजनिक गर्न चाहेको छैन । किनभने प्रतिवेदनमा आन्दोलन हिंसात्मक बन्नुको मुख्य दोष सरकारलाई देखाइएको छ र सरकार यो भारी बोक्न चाहेको छैन । सरकारको नजरमा आयोगको प्रतिवेदन पूर्वाग्रही र राज्य संयन्त्रलाई कमजोर बनाउने किसिमको भएकाले तत्काल सार्वजनिक गर्न नचाहेको हो । *(मधेश दर्पण फिचर सेवा)*

# मनाङ सीमानाकामा सुरक्षा जाँच कडाइ

नविन अंकुर/मध्यान्ह
मनाङ, ९ भदौ

मनाङको सीमावर्ती नाकामा सुरक्षा चेकजाँच थप कडाइ गरिने भएको छ । नाका खुला भएसँगै आपराधिक गतिविधिहरु बढ्न सक्ने भन्दै जाँच कडाइ गर्न लागिएको हो ।

लमजुङ र सीमावर्ती नाकामार्फत हुनसक्ने आपराधिक क्रियाकलाप न्यूनीकरणका लागि सुरक्षा जाँचमा कडाइ गर्न लागिएको छ । मनाङको डिस्याङ गाउँपालिका-१ भ्राताङमा आयोजित अन्तरजिल्ला समन्वय बैठकले जाँचलाई प्रभावकारी र कडाइ गर्ने निर्णय गरेको हो ।

नाका खुला गरिँदा हुनसक्ने अवैध हातहतियार तथा विस्फोटक पदार्थ, लागुऔषध, धार्मिक तथा पुरातात्विक वस्तु, बहुमूल्य जडीबुटी, वनपैदावार, निषेधित एवं संरक्षित वन्यजन्तु/अखेटोपहारलगायत अवैध तथा बहुमूल्य वस्तुको चोरी निकासी तथा ओसारपसार गतिविधिमा रोक लगाउन सुरक्षा जाँच कडाइ गर्न लागिएको हो । मनाङका प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेका अनुसार सीमा क्षेत्रमा नदी, खोलानालालगायतबाट हुने प्राकृतिक स्रोतसाधनको दोहन नियन्त्रण गर्न जाँज कडाइ गर्न लागिएको हो । उनका अनुसार ढुंगा, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थको अवैधरूपमा हुने उत्खनन तथा चोरी निकासी नियन्त्रण गर्न सूचना आदानप्रदान गरी आवश्यक समन्वय गर्नेछ । 'बाढीपहिरोजस्ता विपद् व्यवस्थापन, विभिन्न प्राकृतिक प्रकोप तथा महामारीजन्य रोगका कारण उत्पन्न हुने जोखिम र क्षतिको न्यूनीकरणका लागि आपसी समन्वय र सहकार्य गर्ने निर्णय भएको छ' प्रजिअ लामिछानेले भने ।

लमजुङका प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलका अनुसार अविरल वर्षासँगै आएको बाढी पहिरोका कारणले बेँसीसहर-चामे सडकखण्डमा धेरै क्षति पुगेको र गत जेठ १५ गतेदेखि नै सडक अवरुद्ध रहेको हुँदा उक्त सडक सञ्चालनमा ल्याउन समन्वयात्मक तवरबाट प्रयास थालिने छ । सडकको अनुगमन, निरीक्षण र निर्देशनलाई निरन्तररूपमा जारी राख्नेसमेत उनले आग्रह गरे ।

लामो समयदेखि सडक अवरुद्ध हुँदा जनजीवन कष्टकर हुँदै गएकाले बाढी प्रभावित क्षेत्रमा ढुवानी हुने खाद्यान्न, औषधि, इन्धन, निर्माण सामग्रीलगायत आपूर्तिको व्यवस्था गरी सहज अवस्थामा ल्याउन सहजीकरण गरिने लुइँटेलको भनाइ छ । त्यस्तै, कोरोना संक्रमण नियन्त्रण, रोकथाम र व्यवस्थापनका लागि दुवै जिल्लाका स्वास्थ्य संस्थाको समन्वयमा सूचना सम्प्रेषण तथा समन्वयात्मक ढंगले महामारीजन्य रोग रोकथाम तथा नियन्त्रणका लागि समन्वय गरिने भएको छ । विपद्को समयमा जिल्लाभित्र खोज तथा उद्धार कार्यमा खटिने मौजुदा सुरक्षाकर्मी जनशक्ति, उद्धार तथा आपत्कालीन राहत सामग्री अपुग भएमा दुवै जिल्लाका सुरक्षा निकायबीच आपसी समन्वय गरी परिचालन गर्ने निर्णय भएको लामिछानेले बताए ।

बेँसीसहर-चामे सडकखण्डमा वर्षायाममा बाढीपहिरा तथा हिउँदमा हिमपहिराका कारण समय-समयमा सडक अवरुद्ध हुनसक्ने भएकाले आ-आफ्नो जिल्लाको सीमाभित्र पर्ने अवरुद्ध सडक तत्काल खुलाउन आवश्यक पहल गर्ने निर्णय भएको लामिछानेले बताए । बैठकमा मनाङका प्रहरी निरीक्षक अर्जुनध्वज अधिकारी, रणदल गुल्म मनाङका सेनानी सुजित अधिकारी, सशस्त्र प्रहरी बल मनाङका प्रहरी नायब उपरीक्षक होमनाथ पन्थी, अनुसन्धान प्रमुख सुन्दरमणि पोखेल, लमजुङका प्रहरी नायब उपरीक्षक कृष्णबहादुर कार्की, सशस्त्र प्रहरी बल लमजुङका प्रहरी नायब उपरीक्षक नवराज थापा, श्रीजङ्ग गणका सेनानी किशोर अधिकारी, जिल्ला अनुसन्धान प्रमुख कुमार बुढाथोकी लगायत सहभागि भएका थिए ।

**नासों गाउपालिकाको सेवा धारापानीबाट**

मनाङको नासों गाउँपालिकाको सेवा धारापानीबाट दिन शुरु गरिएको छ । गत असार १ गते आएको बाढीपहिराका कारण उच्च जोखिममा परेपछि सो गाउँपालिकाको कार्यालय विस्थापित भएको थियो । त्यसपछि गाउँपालिकाले छिमेकी जिल्ला लमजुङको बेँसीशहरमा अस्थायी कार्यालय स्थापना गरेर अत्यावश्यक सेवा प्रवाह गर्दै आएको थियो । मर्स्याङ्दी नदीको सतह घटेपछि अहिले गाउँपालिकाले वडा नं-३ को धारापानीस्थित कार्यालयबाट सेवा प्रवाह गर्न थालेको छ । विस्थापित भएको गाउँपालिकाको सेवा धारापानीबाटै थालिएको गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले बताए । उनले भने, 'गाउँपालिकाको भवन बाढीले पूर्ण रुपमा बगाएको छ । तर, वडा नं ३ को कार्यालयमा नै गाउँपालिकाको कार्यालय राखेर सेवा दिन थालेका हौँ । यसले स्थानीयवासीलाई सेवा लिन र दिन पनि सहज भएको छ । जिल्लासँग जोड्ने सडक सञ्जाल अझैसम्म बन्न सकेको छैन । जोखिम मोलेर स्थानीयवासी सेवा लिन लमजुङ पुग्नुपर्ने समस्याले चिन्तित बनेका थिए । नदीमा पानीको सतह घटेपछि जिल्लामै कार्यालय स्थानान्तरण गरेर सेवा प्रवाह गर्न थालेका छौं ।' विद्युत् आपूर्ति सहज नभएको अवस्थामा पनि पालिकाले सौर्य ऊर्जाको प्रयोगबाट सेवा प्रवाह गर्दै आएको उनले बताए ।

बाढीपहिराले गाउँपालिकाको कार्यालयमा रहेका सबै कागजात बगाए पनि प्रविधिले आवश्यक तथ्यांक सुरक्षित रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विश्वबन्धु रेग्मीले बताए । उनका अनुसार बाढीले सम्पूर्ण कागजात बगाए पनि प्रविधिको प्रयोगले सुरक्षित छ । प्रविधिको प्रयोग नभएको भए विगतका पुराना तथ्यांकबिना काम गर्न सकिदैन थियो, यसले हामीलाई सहज बनाएको छ । गत असार १ गते मर्स्याङ्दी नदीमा आएको बाढीले धारापानीस्थित नासों गाउँपालिकाको कार्यालयसँगै रहेको प्रभु बैंक, प्राइम कमर्सियल बैंक, सीमा प्रहरीचौकी, पर्यटकीय होटलसहित स्थानीयवासीका केही घर बगाएको थियो ।

गाउँपालिकामा बिजुली, सञ्चार, इन्टरनेट नहुँदा जनप्रतिनिधि, कर्मचारी र स्थानीयवासीबीच सम्पर्क विच्छेद भएको थियो । मनाङको केही स्थानमा सडक सञ्जाल निर्माण थालिएको छ । छिमेकी जिल्ला लमजुङबाट माथिल्लो सडकको ३५ किलोमिटरमा यातायात



सुचारु भइसकेको छ । त्यस्तै मनाङको मेरुदण्ड मानिने बेँसीशहर-चामे-माथिल्लो मनाङ जोड्ने सडकको निर्माण कार्य थालिएको छ । मनाङ डिस्याङ गाउँपालिका-१ तलेखु भ्राताङ भिरमा नेपाली सेनाको प्राविधिक टोलीले सडकको नयाँ ट्र्याक निर्माण गरिरहेको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७८/०५/१० गते**

यस कम्पनीको मिति २०७८/०४/०२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम **कर्पोरेट भोकेश्नल इन्स्टिच्यूट प्रा.लि. (प्रा.लि. दर्ता नं. २३३८३३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/२५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एड्भान्स नेपाल भोकेश्नल एण्ड एजुकेशन प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।


## कतारमा रोजगारको अवसर | कम्पनी : ALAMAAN DESIGN शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१९१२ LT. No.: 244461

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १७ गते (2 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५

**Ajambary Overseas Pvt. Ltd.**
G.P.O. Box : 13188, Ratopul, Kathmandu, Tel. : 01-4469372



## कतारमा रोजगारको अवसर | १. कम्पनी: APOLLO ENTERPRISES शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७७/१२/१७ चलानी नं.: ६०१५६३३६ L.T. No.: 237955 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,६७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 2500 | ८०,१५० | | | | | | | |
| 3. | Foreman | 5 | 0 | | 2500 | ८०,१५० | | | | | | | |

मेनपावर कार्यालय धोविघाट, ललितपुरमा २०७८ कार्तिक १६ र १७ गते (2 & 3 Nov. 2021) हुनेछ ।

२. कम्पनी: APOLLO ENTERPRISES शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७७/११/२१ चलानी नं.: ६०१५५०२१ L.T. No.: 236724 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 2500 | ८०,१५० | | | | | | | |
| 3. | Blacksmith | 50 | 0 | | 1100 | ३५,२६६ | | | | | | | |
| 4. | Foreman | 5 | 0 | | 2500 | ८०,१५० | | | | | | | |

मेनपावर कार्यालय धोविघाट, ललितपुरमा २०७८ कार्तिक १६ गते (2 Nov. 2021) हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१ को नि:शुल्क क.नं.२ को रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ५१७/०६२/०६३

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
जि.पि.ओ.बक्स: २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५५५५८२३



## साउदीमा रोजगार | कम्पनी: AL-THAMRIYA COMPANY LIMITED शहर: Riyadh

पूर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८६९ LT. No.: 244522

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 13 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १७ गते (02 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Confident International Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1423/074/075
Baneshwor-31, Kathmandu, Tel: 4104167, 4104027
E-mail: info@confidentmanpower.com, Web.: confidentmanpower.com



## साउदीमा रोजगार | कम्पनी : SPORTS RELAXATION PERIOD CENTER शहर: Riyadh

पुर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८९४ LT. No.: 242074

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NORMAL LABOR | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १७ गते (02 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ईमास्को नेपाल प्रा. लि.**
श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५०३८१ ९८०६६५४५७१
फ्याक्स नं.: ४३५७७०८, Mob.: 9818191788, 9808505819



## कतारमा रोजगार | कम्पनी: QATAR INTERNATIONAL CLEANING TRADING & CONTRACTING CO (QAMAC) WLL शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८४८ LT. No.: 244190

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 11 | 0 | स. काममा दक्ष | 1000 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १७ गते (2 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अल सदिल फर रिक्रुटमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ४७०/०६०/६१
बसुन्धारा-३, काठमाडौं ०१-४३६४८६४, ४३८१९४८, ४३६३१०३
Mob: 9844065129, 9851129355 Email: misnepal09@gmail.com



## साउदीमा रोजगार | १. कम्पनी: NAWAL OMAR AMMAR AL MUTAIRI GENTS TAILORING TAILOR शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०१/०६ चलानी नं.: ६०१५७५९९ LT. No.: 239473 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pipe and Tubelaying Worker | 3 | 0 | | 1500 | ४७,३७० | | | | | | | |

२. कम्पनी: MANA AL HAIDER CONT.EST शहर: JUBAIL

पूर्व स्वीकृत मिति: २०७७/११/२६ चलानी नं.: ६०१५५३४६ LT. No.: 236968 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १७ गते (2 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ALON OVERSEAS PVT. LTD.** Govt. Lic. No. 1464/074/075
Sinamangal-9, Kathmandu, Tel : 4482413, 4497053
Email: hr.pms860@gmail.com | Website: www.alonoverseas.com



## Saudi मा रोजगार | 1. Ahmed Ghamallah Al-Ghamdi and Brothers Trading Co.

पूर्व स्वीकृती मिति: २०७८/०५/०२ चलानी नं. ६०१६१५८१ LT.No. 244000

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Loading Unloading Worker | 02 | काममा दक्ष | 1000 | ३१,२४६।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ बर्ष |
| २. | Truck Driver | 02 | | 1800 | ५६,२४३।- | | | | | | | |

2. Consumer Oasis पुर्व स्वीकृती मिति: २०७८/०५/०२ चलानी नं.: ६०१६१५८३ LT.No. 243999

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Loading Unloading Worker | 03 | साधारण | 1000 | ३१,२४६।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि: शुल्क |

अन्तरवार्ता २०७८ भदौ १७ गते (Sept. 02, 2021) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**AAROHI H.R. SOLUTIONS PVT. LTD.** Govt. Lic. No. 1244/074/075
Tokha-5, Basundhara, Kathmandu, Tel : 4961807, 4962925



## साउदीमा रोजगार | कम्पनी: AL-BAYNAH WATER COMPANY, ONE PERSON COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१९११ LT. No.: 243738

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Metal Cleaner | 1 | 0 | स. काममा दक्ष | 1800 | ५६,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १७ गते (2 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निशुल्क |

